सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.:

Email: sabailamun@gmail.com

## पोषण सुधारका लागि अनुदानको प्रस्ताव आव्हान सम्बन्धी १५ दिने सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/१८)**

यस सबैला नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा नेपाल सरकारको शर्सत अनुदान तर्फ प्राप्त वार्षिक कार्यक्रम तथा बजेट अनुसार बहुक्षेत्रीय पोषण योजना दोश्रो कार्यक्रम अन्तर्गत महिला सहकारी तथा समुहहरुमा अनुदान परिचालन कार्यक्रम छनोट भएका महिला समुहलाई प्रति व्यक्ति रु.२५,०००/-का दरले २५ जना (जम्मा रकम रु.६,२५,०००/-) को महिला समुहलाई व्यावसायमा आधारित नगद अनुदान उपलब्ध गराउने प्रयोजनाको लागि महिला सहकारी तथा समुह छनोट गर्नु पर्ने भएको हुदा ईच्छुक सहकारी तथा महिला समुहहरुवाट प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव फारम नगरकार्यपालिकाको कार्यालयवाट रु.३००/-(प्रति संस्था) फाराम दस्तुरको नगदी रसिद, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गरी प्रस्ताव फारम खरिद गर्न सकिन्छ । निवेदन फारम **महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसूची-१** बमोजिम प्रस्ताव ढाँचा अनुसार भर्नु पर्नेछ भने सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गरिन्छ । थप जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

**प्रस्ताव छनौटको अधारहरु :**

१. दलित तथा जनजाति समुदायका क्रियाशिल साविक महिला विकास कार्यक्रमवाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घरपरिवारलाई फाईदा पुग्ने सहकारी तथा समूह,
२. खण्ड १ बमोजिम सहकारीहरु नभएमा सोही प्रकृतिका साविक महिला विकास कार्यक्रमवाट प्रवर्द्धित महिला समूह, कृषक समूह वा स्वास्थ आमा समूह,
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपभोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय संचालन गरिने प्रस्ताव,
४. बहुक्षेत्रीय पोषण योजनावाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव,
५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सबैला न.पा. कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

१. फारम दस्तुरको नगदी रसिदको प्रतिलिपि,
२. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,
३. संस्था दर्ता अधावधिक प्रमाणपत्रको प्रतिलिपि

थप जानकारीको लागि बहुक्षेत्रीय पोषण योजना,
**पोषण सहजकर्ता मो.सिराजुल आलम ९८१४८४५२१५.**

२०८०/१२/१८

..............................
कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

१.श्री सूचना प्राविधि शाखा: *website* मा सूचना प्रकाशन गरी दिनु हुन ।

प्रमुख प्रशासकीय अधिकृत